## प्रस्ताव एवं निर्णयहरुः

२०७७।०७८-०२२।०१ कोरोना भाइरस नियन्त्रण रोकथाम सम्बन्धमा ।
२०७७।०७८-०२२।०२ जिल्ला समन्वय समितिको मौज्दात कोषको रकम माग सम्बन्धमा ।
२०७७।०७८-०२२।०३ रूपाकोट अस्पताल सञ्चालन सम्बन्धमा ।
२०७७।०७८-०२२।०४ बजेट व्यवस्था गर्ने सम्बन्धमा ।
२०७७।०७८-०२२।०५ विविध सम्बन्धमा ।

## निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२२।०१**

प्रस्ताव नं २०७७।०७८-०२२।०१ माथि छलफल गर्दा कोरोना भाइरसको दोश्रो लहर रोकथाम तथा नियन्त्रणको क्रममा गाउँपालिकाभित्र निम्नानुसारको विवरण रहेको अवगत गरी सो को रोकथामको लागी देहायबमोजिम गर्ने निर्णय गरियोः

निम्नः

| २०७८।०१।१४ देखी २०७८।०२।०८ सम्मको तथ्याङ्क | | | | | | |
|---|---|---|---|---|---|---|
| क स | विवरण | संख्या | वडा नं | | महिला | पुरुष |
| १ | पिसिआर परिक्षण भएको संख्या | १२१ जना | १ | ५२ | | |
| | | | २ | ० | | |
| | | | ३ | २४ | | |
| | | | ४ | ५ | | |
| | | | ५ | १६ | | |
| | | | ६ | १५ | | |
| | | | ७ | ९ | | |
| २ | पिसिआर परिक्षणमा कोरोना भाइरस संक्रमण पुष्टी भएको संख्या | ४८ जना | १ | १२ | | |
| | | | २ | ० | | |
| | | | ३ | २२ | | |
| | | | ४ | ३ | | |
| | | | ५ | ५ | | |
| | | | ६ | ३ | | |
| | | | ७ | ३ | | |
| ३ | हाल होम आइसोलेसनमा रहेका संक्रिय संक्रमित संख्या | ४५ जना | १ | ११ | | |
| | | | २ | ० | | |
| | | | ३ | २२ | | |
| | | | ४ | ३ | | |
| | | | ५ | ४ | | |
| | | | ६ | २ | | |
| | | | ७ | २ | | |
| ४ | गाउँपालिकाको आइसोलेसन रूपाकोट अस्पताल तथा | ० जना | १ | ० | ११ | ११ |
| | | | २ | ० | | |

रुपा गाउँपालिका कास्की

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अन्य अस्पतालमा रहेका संक्रिय संक्रमितको संख्या | | ३ | ० | | |
| | | | ४ | ० | | |
| | | | ५ | ० | | |
| | | | ६ | ० | | |
| | | | ७ | ० | | |
| ५ | कोरोना भाईरसबाट निको भएकाको संख्या | ३ जना | १ | | | |
| | | | २ | | | |
| | | | ३ | | | |
| | | | ४ | | | |
| | | | ५ | | | |
| | | | ६ | | | |
| | | | ७ | | | |
| ६ | कोरोना भाइरसबाट मृत्यू भएकाको संख्या | १ जना | १ | १ | ० | १ |
| | | | २ | | | |
| | | | ३ | | | |
| | | | ४ | | | |
| | | | ५ | | | |
| | | | ६ | | | |
| | | | ७ | | | |
| ७ | अन्य अस्पतालमा रहेका संक्रिय संक्रमितको संख्या | ० जना | ० | ० | ० | ० |

देहायः

(क)गाउँपालिकाको तर्फबाट पिसिआर परीक्षण तथा एन्टिजेन परीक्षण गर्दा हालसम्म कुनै पनि शुल्क नलिएकोमा सो निर्णयलाइ आगामी दिनहरुमा समेत कोरोना भाइरस परीक्षणमा कुनैपनि शुल्क नलिने गरी परिक्षणको दायरा वृद्धि गर्ने।

(ख)कोरोना भाइरस संक्रमण पुष्टी भएका गाउँपालिकाभित्रका व्यक्तिहरुलाई पहिलो चरणमा स्वास्थ्यकर्मीहरु घरघरमै गएर स्वास्थ्य अवस्था बारेमा जानकारी लिने तथा लक्षण देखिएका तथा गम्भिर स्वास्थ्य समस्या देखिएका विरामीहरुलाइ यथासक्य चिकित्सक सेवा प्रदानको लागी रूपाकोट अस्पताल वा नजिकको अस्पतालमा लैजानको लागी गाउँपालिकाको एम्बुलेन्सले निशुल्क सेवा प्रदान गराउने ।

(ग) गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठित गाउँपालिकास्तरिय कोभिड १९ संकट व्यवस्थापन केन्द्रको निर्णय तथा अनुमोदनका आधारमा पेश भएको मिति २०७८।०१।१४ गतेदेखी २०७८।०२।०९ गतेसम्म भएको औषधि तथा अन्य औषधिजन्य उपकरणहरु खरिदमा भएको निम्नानुसारको खर्च अनुमोदन गरी कार्यालयलाइ भुक्तानी दिने निर्देशन गरियो ।

निम्नः

२०७८ वैशाख १४ गते देखि कोभिड रोकथाम तथा नियन्त्रणमा मिति२०७८।०२।०८ गते सम्म भएको खर्च विवरण



रुपा गाउँपालिका कास्की

| क्र स | सप्लार्यस | सामानको विवरण | जम्मा मूल्य रु | मिति | विल नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रिजनल सर्जिकल कन्सर्न | पि पि सेनिटइजर मास्क ओक्सिमिटर आदि | ७८३६०४ | २०७८।०१।२१ | ८७० | |
| २ | स्याङजाली फर्निचर एण्ड फर्निसिङ सप्लार्यस | रयाक र स्टुल | ७४६७० | २०७८।०१।३० | २५ | |
| ३ | साहार टेडिङ | साबुन | १८३२८ | २०७८।०१।२० | १४१२९ | |
| ४ | सागर नर्सरी एण्ड एग्रो प्रोडक्स प्रा. लि. | स्प्रेयर | ३००० | २०७८।०१।१८ | ११६७ | |
| ५ | चुन चुन फार्मेसी | जिङक र स्कर्भिट | ५३०० | २०७८।०१।१९ | ११८६३ | |
| ६ | पोखरा अक्सिजन ग्यास प्रा. लि | पोखरा अक्सिजन सिलिण्डर धरौटी | ३६००० | ७८।०१।२१ | २०७ | |
| ७ | पोखरा अक्सिजन ग्यास प्रा. लि | अक्सिजन ग्यास | १५०० | ७८।०१।२१ | १२३३ | |
| ८ | पोखरा अक्सिजन ग्यास प्रा. लि | अक्सिजन ग्यास | ३०० | ७८।०१।२२ | ७४१२ | |
| ९ | आर राम कृष्ण स्टोर्स | प्लास्टिक | ९८० | २०७८।०१।२१ | ८५६ | |
| १० | सिसिर एण्ड वसन्त हार्डवयर्स | वाटरप्रुफ ढोका | ७५०० | २०७८।०१।३० | | |
| ११ | एरोना खाजा घर | खाजा | १०८० | २०७८।०१।२३ | ३०३ | |
| १२ | चुन चुन फार्मेसी | कोभिड मेडिसिन | ३८६२७७ | २०७८।०२।०४ | १२६३४ | |
| १३ | युनिश सर्जिकल डाइग्नेसटिक सप्लायर्स | ल्याव रिएजेण्ट | ६६७१५.२ | २०७८।०१।२६ | २२४ | |
| १४ | युनिश सर्जिकल डाइग्नेसटिक सप्लायर्स | ल्याव रिएजेण्ट | ३६४६० | २०७८।०१।२६ | २२५ | |
| १५ | रिजनल सर्जिकल कन्सर्न | डिस्पोजएवल हेडक्याप स्प्रिट | १०६१० | २०७८।०१।२१ | ८७१ | |
| १६ | रिजनल सर्जिकल कन्सर्न | रेस्पाइरेटोरी मिटर | ३५०० | २०७८।०१।२१ | ८७२ | |
| १७ | रिजनल सर्जिकल कन्सर्न | आइ भि स्टयाण्ड र टली | ४५७६५ | २०७८।०१।२१ | ८९३ | |
| १८ | एस राम कृष्ण स्टोर्स | अस्पाताल व्यवस्थापन | १०५०९ | २०७८।१।१३ | ५२७ | |

रुपा गाउँपालिका कास्की

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | पोखरा अक्सिजन ग्यास प्रा. लि | सिलिन्डर भरेको | ३६०० | २०७८।२।१७ | १४४७ | |
| २० | रिजनल सर्जिकल कन्सर्न | पि पि इ रियुजएवल ह्याण्ड स्यानिटाइजर | १३८४२५ | २०७८।०२।०५ | ९२२ | |
| | जम्मा रू | | १६३४१२३ | | | |

(घ) नेपाल सरकारबाट हस्तान्तरण भइ आएको चारपाङ्ग्रे पजेरो जिप बा १ झ ५८६८ पुरानो तथा मर्मतको लागी आवश्यक पार्टसहरुसमेतको असहजता र मर्मतको लागी अनुमानित ८ लाखको कोटेसन प्राप्त भएकोले तत्काल सवारी मर्मत गर्न गाउँपालिकासँग पर्याप्त बजेट नरहेकोले पिसिआर संकलन तथा आइसोलेसनमा विरामी तथा अन्य खाद्यान्न सामाग्रीको ओसारपसारको लागी मासिक रु १ लाखमा नवढ्ने गरी ढुवानी सेवा प्रवाह गराउने गरी वोलेरो पिकअप २०७८ असार मसान्तसम्मको लागी भाडामा लिने ।

(ङ) रूपाकोट अस्पतालमा मेडिकल ग्यास पाइपलाइ प्रणाली जडानको लागी प्रतिक सर्जिकल डाइगोनेष्टिक कन्सर्न प्रा लि वाट पेश भएको रु ७ लाख २८ हजार ६९४ को प्रस्ताव स्विकृत गरी तत्काल पाइपलाइन जडान गर्ने र सोको लागी आवश्यक रकमको लागी नेलम्बो नेपाल, सगोल कास्की तथा गोनेशा कास्कीलाइ पत्राचार गर्ने ।

(च) गाउँपालिकाभित्र कोरोना भाइरस सक्रमण तिब्र गतिमा फैलिएको तथ्याङ्क प्राप्त भएकोले हाललाइ उच्च जोखिम देखिएको क्षेत्रमा भूमी सम्बन्धी समस्या समाधान आयोगको लागी सेवा करारमा नियुक्त रूपा ६ निवासी फाहरुक दिन मियालाइ रूपा ३ को पोल्याङ्ग वरपरको क्षेत्रमा र रूपा ४ निवासी बिशाल थापालाइ स्यास्त्री वरपरको क्षेत्रमा गस्तिको लागि खटाउने निर्णय गरियो ।साथै गाउँपालिकाभित्र रहेका विभिन्न नाकाहरुमा नेपाल प्रहरी र युवा क्लवहरुलाई खटाइ यसरी खटिने अवधिभरको लागी आवश्यक स्वास्थ्य सामाग्रीहरु मास्क, स्यानीटाइजर सहित खाना, खाजा बापत मासिक रु ७ हजारका दरले उपलब्ध गराउने ।

(छ) गाउँपालिकाभित्रका विद्यालयहरुलाइ कक्षागत अन्तिम मूल्याङ्कन नतिजा यसअघी नै लिइएको परीक्षाका आधारमा प्रकाशन गर्न गराउन निर्देशन गर्ने।

(ज) कोरोना भाइरस संक्रमण पुष्टि भएका विरामीहरुलाइ पहिलो चरणमा गाउँपालिकाको तर्फबाट निम्नानुसारका औषधिजन्य सामाग्रीहरु प्रदान गर्नेः

निम्नः

अ) तुलसी जडीवुटी चिया एक प्याकेट १०० ग्राम ।

आ) गिलोय चक्की कम्तिमा ६० पिस ।

इ) अश्वगन्धा चुर्ण ७०० ग्राम ।



रुपा गाउँपालिका कास्की

ई) लक्ष्मी विलास रस कम्तिमा १० ट्यावलेट ।

उ) आर्युवेद इम्युनिटी मिश्रण १०० ग्राम ।

ऊ) सेनिटाइजर ५०० मिलिलिटर

ऋ) डिजिटर थर्मोमिटर १ पिस ।

ऌ) मास्क ५० पिस ।

ऍ) अक्सिमिटर १ थान (उपलब्धताको आधारमा)

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२२।०२</u>**

प्रस्ताव नं २०७७।०७८-०२२।०२ माथि छलफल गर्दा रूपाकोट अस्पताललाई १५ शैयाको कोरोना विशेष अस्पतालको रूपमा सञ्चालन गर्न अस्पातालको भौतिक पुर्वाधार निर्माण, कोरोना भाइरस संक्रमितको उपचारको लागी औषधी तथा औजार उपकरण खरिदको लागी जिल्ला समन्वय समिति कास्की, गण्डकी प्रदेश सरकार, संघीय सरकार तथा अन्य गैरसरकारी संघसस्थाहरु समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क) रूपाकोट अस्पतालको भौतिक पूर्वाधार निर्माणको लागी कार्यालयबाट पेश भइ आएको लागत अनुमान रु ४० लाख ३७ हजार को लागी जिल्ला समन्वय समिति कास्की समक्ष नियामानुसार गाउँपालिकाले व्यहोर्नुपर्ने ५० प्रतिशत बराबरको रकम गाउँपालिकाबाटै व्यहोर्ने गरी जिल्ला समन्वय समितिको मौज्दात कोषको रकम मागको लागी प्रस्ताव पेश गर्ने ।

ख) आइसोलेसन कक्ष विस्तारको लागी रू ५ लाखको लागी गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय समक्ष प्रस्ताव पेश गर्ने ।

ग) १५ शैयामा अक्सिजन पाइपलाइन जडानको लागी प्रदेश सरकार, संघीय सरकार तथा अन्य गैरसरकारी संघसस्थासमक्ष प्रस्ताव पेश गर्ने ।

घ) अन्य औषधि तथा औजार उपकरणहरुको लागत अनुमान तयार गरी प्रस्ताव पेश गराउने ।

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२२।०३</u>**

प्रस्ताव नं २०७७।०७८-०२२।०३ माथि छलफल गर्दा अर्को निर्णय नभएसम्मको लागी कार्यपालिकाको निर्णय नं २०७७।०७८-०२१।०२ बमोजिमको समितिको निर्णयका आधारमा गठित समितिलाई नै रूपाकोट अस्पतालको नियमित सञ्चालनको जिम्मेवारी प्रदान गरी अस्पतालको सिअहेव अधिकृत छैठौ श्री आनन्दराज जोशी र रूपाकोट अस्पतालको मेडिकल सुपरिन्टेन्डेन्ट श्री रितुराज अधिकारीको संयुक्त दस्खतमा अस्पतालको खाता सञ्चालन गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२२।०४</u>**

प्रस्ताव नं २०७७।०७८-०२२।०४ माथि छलफल गर्दा कोरोना भाइरसबाट सिर्जित समस्या समाधान तथा कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागी प्रकोप व्यवस्थापन कोषमा रहेको रकमबाट मात्र

पर्याप्त नहुने देखीएकोले गाउँसभाबाट स्विकृत भइ हालसम्म खर्च भएका कार्यक्रमहरुको रकम रकामान्तर गर्ने गरी आगामी कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२२।०५**

प्रस्ताव नं २०७७।०७८-०२२।०५ माथि छलफल गर्दा शिक्षा शाखाबाट पेश गरिएको रूपा गाउँपालिकाको स्थानीय पाठ्यक्रममाथी छलफल गर्दै आजको कार्यपालिका बैठक समापन गर्ने निर्णय गरियो ।

मिति २०७८ साल जेष्ठ ०९ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

मितिः रुपा गाउँपालिका कास्की

रूपा गाउँपालिका का